# प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
# प्रादेशिक सुशासन केन्द्र, पुन्ना डोटी
## लैंगिक समानता तथा समाजिक समावेशिकरण परिक्षण कार्यक्रम  प्रतिवेदन




**<u>कार्यक्रम अवधी</u>**

*२०७८ अषाढ १७ देखी १८सम्म*

*स्थान :* मगलसेन नगरपालिका

**प्रतिवेदन प्रस्तुतकर्ता:**

मदनराज जोशी

# लैंगिक समानता तथा समाजिक समावेशिकरण परिक्षण कार्यक्रम
# प्रतिवेदन

## १. पृष्ठभूमी

नेपालको संविधान २०७२ को प्रस्तावनामा उल्लेख भएको सामन्ती, निरंकुश र एकात्मक राज्य व्यवस्थाले श्रृजना गरेको सवै प्रकारको विभेद र उत्पीडनकोअन्त्य गर्दै वहुजातिय, वहुभाषिक, वहुधार्मिक, वहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी सवै प्रकारको वर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेदको अन्त गर्ने परिकल्पना गरेको छ। समाजमा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय स्थापना गर्नका लागि समानुपातिक, समावेशी तथा सहभागितात्मक विकासको मार्ग प्रशस्त गर्ने विषय उल्लेख भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनमा नै उल्लेख गरिएको छ । यसका अलावा दफा ११ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा (२) (त) मा जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न क्रियाकलापहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना बनाउँदा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ । यसै गरी वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएकोछ भने स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरिएकोछ । सन्२०१५ को सेप्टेम्बरमा सम्पन्न संयुक्त राष्ट्रसंघको साधारण सभाले२०१६ देखी २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ । दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरीबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ। यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनी रहेका बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, पछाडि पारिएका समुदाय जस्तै दलित, जनजाति, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ । चरम गरीबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगति गर्नका लागि कोही पनि पछाडि नछुटुन्भन्ने मुख्य सिद्धान्तलाई दिगो विकासका लक्ष्यले अंगिकार गरेको छ । दिगो विकास लक्ष्यले व्यक्तिको मर्यादालाई विकासको मुख्य आधारको रुपमा स्थापित गरेको छ । कोहि पनि पछि नछुटुन्भन्नेअवधारणाले समावेशी र दिगो विकासका उपलब्धि र नतिजा प्राप्तिका लागि विशेषत परम्परागत रुपमा सिमान्तकृत, विपन्न र जोखिम अवस्थामा रहेका व्यक्ति र समुहलाई विकासको प्रकृयामा ल्याउने कुराको सुनिश्चित गर्दछ। दिगो विकास लक्ष्य सामाजिक, आर्थिक

र वातावरणीय विकासको एक विश्वव्यापी अवधारणा हो । सन् २०३० सम्ममा सबै प्रकारका विभेदहरु उन्मुलन गरी समानता र न्यायमा आधारित समाजको आधार तयार गर्न आवश्यक पर्ने लक्ष्यहरु राखिएका छन्। दिगो विकासका लक्ष्यहरुले समानता र न्यायमा आधारित समाज, मानव, पृथ्वी, समृद्धि, शान्ति जस्ता सवालहरुको साझेदारीमार्फत संभव छ भनी प्रतिवद्धता जनाएको छ । लैङ्गिक समानता दिगो विकास लक्ष्य मध्येको एक महत्वपुर्ण लक्ष्य हो जुन लक्ष्य नं. ५ मा राखिएको छ । यसका साथै लैङ्गिक समानता सबै लक्ष्यहरुमा मुलप्रवाहीकरण गरिएको छ । पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६/०७७ - २०८०/०८१) को आधारपत्रमा (क) लैङ्गिक समानता तथा महिला सशक्तिकरण, (ख) बालबालिका तथा किशोरकिशोरी (ग) जेष्ठ नागरिक (घ) अपाङ्गता भएका व्यक्ति (ड) सामाजिक सुरक्षा तथा संरक्षण (च) समावेशीकरण लगायतका विषयहरुलाई छुट्टै शिर्षकका रुपमा राखिएको छ । संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको छ । यसरीनै लैससासका मुद्दाहरूलाई केन्द्रीय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै अग्रता दिइरहेको सन्दर्भमा स्थानीय सरकारद्धारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री बनाउन, संवैधानिक एवम् कानूनी प्रावधान पुरा गर्न, राज्यले अन्तर्राष्ट्रियस्तरमागरेका प्रतिबद्धता अनुरुप कार्य गर्न एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैंगिक तथा सामाजिक समावेशीकरणको प्रवर्द्धन गर्दै समाबेशी विकासलाई जोड दिन लैङ्गिक समानता र सामाजिक समावेशीकरणको बारेमा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारारीहरुलाई जिम्मेवारी वनाउनका लागि र स्थानीय तहमा निति निर्माण गर्नका लागि अभिप्रेरित गर्ने कार्यका लागि यो कार्यक्रम संचालन गरिएको हो । सरोकारवाला निकायको क्षमताको विकास गरी स्थानीय तहमा लैंगिक मैत्रि निति निर्माण तथा लैगिक उत्तरदायि वजेट निर्माणका लागि लैससास परिक्षण कार्यक्रम मिति २०७८ अषाढ १७ र १८ गतेका दिन मंगलसेन नगरपालिका अछाममा संचालन गरिएको थियो । कार्यक्रम मंगलसेन नगरपलिकाका प्रमुख पदम वहादुर वोहरा को अध्यक्षतामा र संविधान सभा सदस्य भरत वहादुर साउँदकृ प्रमुख आतिथ्यतामा भएको थियो । सहजकर्ता कविता थापाले स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्यका वारेमा जानकारी गराएका थिए । कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत खकेन्द्र सोडारीले हाल सम्म नगरपालिकाले वनाएका निति तथा कानुन र गरेका प्रयासका वारेमा जानकारी गराएका थिए त्यसरी नै उपप्रमुख सरिता उपाध्यायले नगरपालिकामा लैगिक समानता तथा सामाजिक समावेशी करणको अवस्था , न्यायीक समसतमा दर्ता भएका उजुरी र सुनुवाईको अवस्था, बजेट विनियोजन प्रक्रिया र लैससास को अवस्थाका वारेमा जानकारी गराएकी थिइन । स्थानीय तहले स्व मुल्याङ्कन गरि कार्ययोजना निर्माण गर्ने र आगामी दिनहरुमा योजना निर्माण गर्दा यहि लैससास परिक्षणका आधारमा टीकेर गर्न सकिने भएकाले यो प्रभावकारी तथा उपयक्त कार्य भएको सहभागिहरुको धारणा रहेको थियो ।

**२. अध्ययनको महत्व**

नगरपालिकाले तर्जुमा गर्ने आवधिक योजना, वार्षिक योजना, नीति, रणनीति तथा कार्यकमहरुलाई लैङ्गिक मैत्री वनाई समावेशी तथा समानुपातिक एवं दीगो विकासमा टेवा दिनका लागि यो अध्ययन महत्वपूर्ण मानिएको छ। नगरपालिकाका नीति, रणनीतिका अतिरिक्त यसले अपनाउंदै आएको विकासका अभ्यासहरुमा पनि आवाजहीन, अधिकारहीन, छनौटहीन वर्गहरुको अधिकार सुनिश्चित गर्नका लागि पनि यसको

आवश्यकता भएको हो । यसका लागि गाउंपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि कार्यविधि वनाई कार्यक्रम तथा रणनीतिहरुमा “लैङ्गिक मूलप्रवाहीकरण गरी “लैङ्गिक उत्तरदायी बजेट” मार्फत “लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको सशक्तिकरण गर्नका लागि पनि यो अध्ययनको महत्व वढेको छ । नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा आफ्नो सवल पक्ष, सुधार्नु पर्ने विषय क्षेत्र, समस्या तथा चुनौतिहरुको पहिचान गरी निराकरणका उपायहरु पहिचान नगरी विकासका गतिविधिहरुलाई सञ्चालन गर्दै जाने हो भने गरिव र धनी विचको खाडल वढ्दै जान्छ । दीगो विकासका लक्ष्य हासिल गर्नका लागि पनि यो अध्ययन जरुरी छ । यो अध्ययनवाट प्राप्त खाडलहरुको आधारमा कार्ययोजना वनाउदै जाने र कार्ययोजनाका आधारमा कार्यक्रम कार्यान्वयन गरिने हो लैङ्गिक सचेतिकरण तथा शशक्तिकरणमा ठूलो पुऱ्याउन सकिन्छ । साथै यसवाट प्राप्त नतिजालाई आवधिक योजना तर्जुमा, वार्षिक योजना तर्जुमा, नीतिगत सुधारमा पनि प्रयोग गर्न सकिने भएकोले यसलाई नगरपालिकाले निकै महत्वपूर्ण दस्तावेजकोरुपमा लिएको छ ।

**३. लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरु :**

- नगरंपालिकाको योजना तर्जुमा, नीति निर्माण, रणनीति निर्माण, कार्यक्रम कार्यान्वयन तथा अनुगमनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयहरुलाई कुन हदसम्म प्रतिविम्वित गर्न सकिएको छ त्यसको लेखाजोखा गर्न ।
- क्षेत्रगत रुपमा देखा परेका खाडलहरुलाई सम्वोधन गर्न आवश्यक कार्ययोजना वनाई कार्यान्वयन गर्न ।
- पालिकामा लैङ्गिक समानता सामाजिक समावेशीकरण सम्वन्धी कार्यविधि वनाई सो अनुसार योजना तर्जुमा, नीति निर्माणको पद्धतिलाई अनुशरण गर्ने वातावरण तयार पार्न ।

## ४. अध्ययनका क्षेत्रहरु

१.निति ,कानुन ,योजना
२.सस्थागत ब्यस्था
३.सेवा प्रवाह
४.सुशासन तथा उत्तरदायित्व
५. समवन्य र सम्वन्ध विस्तार

५. लैङ्गिक परीक्षणको विधिर तरिका

- सन्दर्भ सामाग्रीको पुनरावोलकन
- समुह छलफल
- अन्तरवार्ता
- अवलोकन
- सरोकारवाला निकायसग कार्यशाला गोष्ठी
- कार्ययोजना निर्माण

६. लैङ्गिक परीक्षणका सहभागीहरु

| | नाम | ठेगाना | सम्पर्क नम्वर | लैससास |
|---|---|---|---|---|

| क्र.स. | | | | लिङ्ग | जात |
|---|---|---|---|---|---|
| १ | पदम ब. बोहरा | म.न.पा , अछाम | ९८६८५२३०५३ | पु | क्षेत्री |
| २ | भरत साउद | म.न.पा , अछाम | ९८४८६७८१६६ | पु | क्षेत्री |
| ३ | सरीता उपाध्याय | म.न.पा , अछाम | ९८६८५२३२२८ | म | ब्राहमण |
| ४ | पदम ब. धामी | म.न.पा , अछाम | ९७४९००३९३३ | पु | क्षेत्री |
| ५ | तेज ब. भण्डार | म.न.पा , अछाम | ९८४८५६३७९९ | पु | ब्राहमण |
| ६ | झपट ब. रावल | म.न.पा , अछाम | ९८४८६१४५४१ | पु | क्षेत्री |
| ७ | दिपक ब. खड्का | म.न.पा , अछाम | ९८४८६१४५४१ | पु | क्षेत्री |
| ८ | खकेन्द्र सोडारी | म.न.पा , अछाम | ९८४८४१५६२९ | पु | क्षेत्री |
| ९ | लक्ष्मण बहादुर शाही | म.न.पा , अछाम | ९८४८४३८०२९ | पु | क्षेत्री |
| १० | होम ब. साउद | म.न.पा , अछाम | ९८५१११५९२९ | पु | ब्राहमण |
| ११ | दिपेन्द्र विष्ट | म.न.पा , अछाम | ९८४८५५२०३० | पु | ब्राहमण |
| १२ | सम्झना पुरी | म.न.पा , अछाम | ९८४१३४२७५८ | म | क्षेत्री |
| १३ | मनकला न्यौपाने | म.न.पा , अछाम | ९८४८१५६५५१ | म | ब्राहमण |
| १४ | झनक अधिकारी | म.न.पा , अछाम | ९८६५८३६२४३ | पु | ब्राहमण |
| १५ | विसु विक | म.न.पा , अछाम | ९८४८२७१९६२ | पु | दलित |
| १६ | मान ब. सोडारी | म.न.पा , अछाम | ९८०४६५७६३७ | पु | क्षेत्री |
| १७ | नरेश बहादुर कठायत | म.न.पा , अछाम | ९८४८४९१५६५ | पु | क्षेत्री |
| १८ | रुद्र ब. विक | म.न.पा , अछाम | ९८४८५५२०३९ | पु | दलित |
| १९ | मन्जु महत | म.न.पा , अछाम | ९८६८५५९८३१ | म | क्षेत्री |
| २० | विष्णु प्र. उपाध्याय | म.न.पा , अछाम | ९८६८४३७४०७ | म | ब्राहमण |
| २१ | पुरन साउद | म.न.पा , अछाम | ९८४८०९८५९७ | पु | क्षेत्री |
| २२ | नेत्र ब. कठायत | म.न.पा , अछाम | ९८६८५५९५२३ | पु | क्षेत्री |
| २३ | जनक भण्डारी | म.न.पा , अछाम | ९८४८६२१००० | पु | ब्राहमण |
| २४ | नेत्र ब. रावल | म.न.पा , अछाम | ९८४८४७५४९४ | पु | क्षेत्री |
| २५ | पौरख बोगटी | म.न.पा , अछाम | ९८००६०१६७६ | पु | क्षेत्री |
| २६ | दिल ब. केसि | म.न.पा , अछाम | ९८६९०९९०५३ | पु | क्षेत्री |
| २७ | हिरण्ड ब. बोहरा | म.न.पा , अछाम | ९८४८३५३९२ | पु | क्षेत्री |
| २८ | लक्ष्मी सोव | म.न.पा , अछाम | ९८६०३४८०२४ | म | दलित |
| २९ | कृष्णा कु जैशी | म.न.पा , अछाम | ९८४८५६५११५ | पु | ब्राहमण |
| ३० | नन्दराज ढुंगाना | म.न.पा , अछाम | ९८४८१९५५१३ | पु | ब्राहमण |
| ३१ | शिवराज ढुंगाना | म.न.पा , अछाम | ९८४८५१०४८२ | पु | ब्राहमण |

७.लैङ्गिक परीक्षणको विश्लेषणका औजारहरु

लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणका लागि कार्यविधिमा उल्लेख गरिएका प्रमुख ५ वटा सुचकहरुले प्राप्त गरेको अंक बिश्लेषण गरिएको थियो । एउटा सुचकको अंकभार २० रहेको छ। प्रमुख सुचकहरुले कति कति अंक प्राप्त गरे भनेर छलफल गरिनुका साथै माकुरे जालो विधिबाट पनि प्राप्त अंकलाई बिश्लेषण गरिएको थियो । यसै गरि प्रमुख सुचकको प्राप्त अंकलाई तालिका मार्फत पनि प्रस्तुत गरिएको थियो ।

## ८. लैङ्गिक परीक्षणबाट आएका मुख्य प्राप्तिहरु

लैंगिक समानता तथा समाजिक समावेशीकरण परिक्षण गरिसके पछि नगरपालिका मार्फत सञ्चालन भइरहेका विभिन्न क्रियाकलापहरुमा लैंगिक संवेदनशीलताको अभ्यासको अध्ययन तथा पृष्ठपोषण प्राप्त भएको छ । नगरपालिकाले अवलम्वन गरेको लैससास नीति तथा कार्यक्रमहरुको अन्तराल विश्लेषण गरि नया कार्यक्रमहरु सहितको कार्य योजना तयार गरिएको थियो । आगामी दिनमा नगरपालिकालाई लैंगिक समानता तथा सामाजिक समावेशीकरणमैत्री वनाई थप सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्नका लागि पनि परिक्षणले मार्ग प्रशस्त गरेको छ। मुख्यतया लैससास परिक्षण पश्चात निम्नानुसार उपलब्धीहरु तथा प्राप्तीहरु पहिचान भएका छन ।

- निर्णय प्रक्रियामा महिला सहभागिता बढाउनका लागि विभिन्न योजना अन्तरगतका उपभोक्ता समितिमा प्रतिनिधित्व गर्ने महिलाहरुले अर्थपूर्ण सहभागिता रहेकोपाईन्छ ।
- महिलाहरुको वकालत र सरोकारवालाहरुको संवेदनशीलता वढ्दै गएको पाईन्छ ।
- सार्वजनिक जीवनमा महिला सहभागिता वढ्दै गएको देखिएको छ ।
- लैङ्गिक हिंसाका घटनाहरुमा महिलाहरुले न्याय पाउन थालेका छन/आवाज उठाउन थालेका छन ।
- नगरपालिकाको न्यायिक समितिले महिला हिंसा न्युनिकरणका लागि महत्वपुर्ण योगदान पुरयाएको पाइन्छ । यद्धपी गाँउपालिकाले लैससास सम्वन्धि केही नीति तथा कार्यविधिहरु अझै अनुमोदन वनाउन वाकी छ ।
- बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेटको व्यबस्था गरिएको छ ।
- विपन्न संग अध्यक्ष कार्यक्रम, एक घर एक सदस्य महिला सशक्तिकरण परियोजनाले महिला तथा सामाजिक रुपमा पछाडी पारिएको वर्गलाई थप सशक्तिकरण गराइएको पाइएको छ ।
- नगरपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा गर्ने गरिएको छ ।
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं.

१३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रम हरुमा रकम विनियोजन गरिएको छैन ।

- महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिनेअभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन गर्ने गरेको छ ।
- सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन भएको पाइएको छ ।
- महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाईएको छ । घरेलु तथा विभिन्न हिंसामा परेका महिलाहरुको लागि सुरक्षित आवास गृह संचालन गरिएको छ ।


## ९. लैससास बजेट परीक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेसीकारणको अवस्था

### ९..१. परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक

| क .स. | सूचक र उप- सूचकहरु | पूर्णाङ्क | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | १.१.१ – १.१.८, १.२.१ – १.२.८, १.३.१ – १.३.४ | २० | १२.५ |
| २ | २.१.१ – २.१.४, २.२.१ – २.२.४, २.३.१ – २.३.४, २.४.१ – २.४.४, २.५.१ – २.५.४ | २० | ११ |
| ३ | ३.१.१ – ३.१.८, ३.२.१ – ३.२.४, ३.३.१ – ३.३.४, ३.४.१ – ३.४.४ | २० | ११ |

| | | | |
|---|---|---|---|
| ४ | ४.१.१ – ४.१.४, ४.२.१ – ४.२.४, ४.३.१ – ४.३.४, ४.४.१ – ४.४.४, ४.५.१ – ४.५.४ | २० | १०.५ |
| ५ | ५.१.१ – ५.१.४, ५.२.१ – ५.२.४, ५.३.१ –५.३.४, ५.४.१ –५.४.४, ५.५.१ –५.५.४ | २० | १५ |
| | जम्मा | १०० | ६० |

९.२. लैङ्गिक परीक्षण नतिजाको माकुरे जालो




१०. नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सबल पक्ष र सूधार गर्नपर्ने पक्षहरु

लैगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गरि सकेपछी प्रमुख ५ वटा सुचकहरुमा देखिएको सवल पक्ष तथा सुधार गर्नुपर्ने पक्षको विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

| मूल शोर्षक | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौति |
|---|---|---|---|---|
| नीति, कानून, योजना | नीति निर्माणका चरणमा रहेका | केहि नीति तथा कानुन निर्माण गर्न बाकी रहेका | नीति निर्माण भई कार्यान्वयनका चरणमा रहेका | नीति तथा कानुन निर्माणमा तथ कार्यान्वयनमा विभिन्न समस्या भएको |
| | स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएका | कानुन तथा नीति निर्माणको क्रममा वन्चितिकरणमा परेको वर्गकोसुझाव लिने नगरेको । | नीति र व्यवहार बीचको खाडल ठूलो भई हुनेखाने वर्गहरुको | नीति र व्यवहार बीचको खाडल ठूलो भई हुनेखाने वर्गहरुको कार्यक्रममा पहुंच वढेको |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यकममा पहुंच वढेको | |
| संस्थागतव्यवस्था | | नगर पालिकाको लैससास नीति नभएको । | सम्वन्धित वर्गलाई राखी वस्तीतहमा नीतिगत वहस, छलफल तथा पैरवी नहुने भएकोले यस सम्वन्धित सूचनावाट उनीहरु वन्चित हुने गरेको । | नगरपालिकामा वन्चितिकरणमा परेका वर्गहरुको क्षमता विकास विकासको मुद्दा नवनेको |
| | न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राखिएको | बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गरिने नगरेको । | वालवालिका तथा महिला विकास शाखालाई खासै महत्व नदिइएको, श्रोतको यथेष्ट विनियोजन नभएको, पर्याप्त मात्रामा क्षमतावान कर्मचारीको अभाव देखिएको । | यो क्षेत्रमा लगानी गर्ने नेतृत्व तहको प्रतिवद्धता, इच्छा शक्तिमा कमी भएको । |
| मानव संसाधन तथाक्षमता विकास | लैससास सम्विन्धि तालिम सचालन गरिएको | विभिन्न जनचेतना मुलक कार्यक्रम तथा अभिमुखिकरण संचालन | विभिन्न सरोकारवाला निकायहरुको सहयोगमा भ्रमण छलफ तथा सेमिनारको संचालन | मानवसंसाधन शाखाको स्थापना<br>कर्मचारी तथा पदाधिकारीलाई अभिमुखिकरण |
| सेवा प्रवाह | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई | लैङ्गिक तथा सामाजिकरुपमा | लैङ्गिक तथा सामाजिकरुपम | स्वार्थपूर्ति नहुने हुनेखाने वर्गको पक्ष पोषण गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको | वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने नगरिएको । | ा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको हितमा काम गर्दा निश्चित राजनैतिक रुपमा सक्रिय व्यक्तिको स्वार्थपूर्ति नहुने | संस्कृति, भत्तामुखी प्रवृत्ति, |
| सुशासन तथाउत्तरदायित्व | Website निर्माण गरी विभिन्न सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय(व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरण गर्ने गरेको । | गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत ( भ्हष्त एर्यी) र नागरिक प्रतिवेदन पत्र (ऋच्क्र) गर्ने नगरेको । | सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई सहभागितामूलक वनाउन खोज्दा अनावश्यक झैझगडा, वैमनस्यता झेल्नु पर्ने । | |
| | | लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन गर्ने नगरेको । लैससासको विषय ओझेलमा परेको । लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन गर्ने नगरेको । | लैससासको विषय ओझेलमा परेको । | |

## ११. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

मगलसेन नगरपालिका

लैङ्गिक तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना

असार २०७८

| मूल शिर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व पर्ने । नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| नीति, कानून र योजना २० | ० | १.१ लससासके लागि अवश्यक पर्ने नीति कानुन नर्माण गर्ने कार्यटोलि गठन . | सामाजिक विकास शाखा | उपप्रमुख | उपप्रमुख | २०७८ भाद्र | पर्ने | |
| | | १.२ लैससास सम्बन्धि तयार गरिएको नीति तथा कानुनको बिषयमा सरोकारवालहरुसंग सुभाव तथा अन्तरिक्र्या | सामाजिक विकास शाखा | उपप्रमुख | उपप्रमुख | २०७८ भाद्र | पर्ने | |
| | | १.३ लैससास पिरक्षणा गर्ने | सामाजिक विकास शाखा | उपप्रमुख | उपप्रमुख | २०७८ भाद्र | पर्ने | |
| | | १४क योजना निर्माण गर्दा दलि महिला एकल महिला जेष्ठ नागत्रिक अपांगता भएका व्यक्तिहरुको नीति निर्माण गर्ने | सामाजिक विकास शाखा | उपप्रमुख | उपप्रमुख | २०७८ भाद्र | पर्ने | |
| संस्थागत व्यवस्था २० | | १.१.कर्मचारि भर्ना नीति बनाउने | प्रमुख प्रशासकिय अधिकृत | प्रमुख | प्रमुख | २०७८ मंसिर | पर्ने | |
| | | १.२. लैससास डेस्क सथापना गर्ने | सामाजिक विकास शाखा | उपप्रमुख | उपप्रमुख | २०७८ भाद्र | पर्ने | |
| | | १.३ महिला हिसा वरुद्धको अचारसंहिता निर्माण गर्ने | सामाजिक विकास शाखा | उपप्रमुख | उपप्रमुख | २०७८ भाद्र | पर्ने | |
| | | १४ क्षमता अभिबृधि सम्वन्धि तालिम | २०७८ । ०७९ | सबै | प्रमुख प्रशासकिय अधिकृत | बर्ष भरि | पर्ने | |
| मानव संसाधन तथा क्षमता विकास २० | | १.१. लैससास सम्वन्धि तालिम | ०७८ । ०७९ | | प्रमुख प्रशासकिय अधिकृत | बर्ष भरि | पर्ने | |
| | | १.२. महिला तथा बालबालिकाको क्षमता विकासका लागि भ्रमण | २०७८ मंसिर भित्र | उपप्रमुख | उपप्रमुख | २०७८ भाद्र | पर्ने | |
| | | १.३ मानव संशाधन इकाइके व्यवस्था गर्ने | असोज भित्र | | प्रमुख प्रशासकिय अधिकृत | बर्ष भरि | पर्ने | |
| | | १४ लैंगिक हिंसा रहिता गाउँ नगर घोषणा अभियानका लागि वडा स्तरका जनचेतना मुलक कार्यक्रम गर्ने | घोषणा अवधि सम्मका लागि | सबै | प्रमुख प्रशासकिय अधिकृत | बर्ष भरि | पर्ने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सेवा प्रवाह २० | | १.१. प्रत्येक वडामा स्तनपान कक्ष निर्माण | उपप्रमुख | उपप्रमुख | २०७८ भाद्र | पर्ने | | |
| | | १.२. स्वास्थ्य बिमा कार्यक्रम अनिवार्यका लागि संचारबाट सुचना प्रसारण गर्ने | उप्रमुख | उपप्रमुख | २०७८ भाद्र | पर्ने | | |
| | | १.३ कर्मचारि अचार संहिता निर्माण | | | प्रमुख प्रशासकिय अधिकृत | बर्ष भरि | पर्ने | |
| | | १.४ टोल सुधार समिति गठन | वडाध्यक्ष | सम्वन्धित शाखा | सम्वन्धित शाखा | २०७८ मंसिर | पर्ने | |
| | | १.२ प्रत्यक वडामा सुपथ मुल्य पसलको स्थापनाका लागि पहल | वडाध्यक्ष | सम्वन्धित शाखा | सम्वन्धित शाखा | २०७८ मंसिर | पर्ने | |
| सुशासन तथा उत्तरदायित्व २० | | १.१. गुनासे सुनवाइका लागि समिति निर्माण | उप्रमुख | उपप्रमुख | २०७८ भाद्र | पर्ने | | |
| | | १.२. लैससास पूर्ण बजेट निर्माण | उप्रमुख | उपप्रमुख | अवश्यकता अनुसार | पर्ने | | |

## १२. निश्कर्ष र सुझाव

नगर पालिकाको आन्तरिक संरचना, कार्यसंस्कृति तथा योजना तर्जुमा एवं नीति निर्माण प्रक्रियामा वन्चितिकरणमा तथा जोखिममा परेका वर्गहरुको आवश्यकता पहिचान गर्ने, श्रोतको विनियोजन गर्ने तथा विनियोजित श्रोतलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सामाजिक विकास शाखा तथा त्यस्ता वर्गहरुको क्षमता विकास गर्ने प्रचलनमा कमी देखिएको । पालिकाले अन्य धेरै प्रकारका नीतिहरु वनाएको भए पनि हालसम्म लैससास नीति नवनाएकोले पनि हामी यो निष्कर्षमा पुग्न सकिन्छ कि यो विषयको वारेमा पालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई क्षमता विकासको आवश्यकता छ । पालिकाको विषयगत समिति तथा योजना एवं श्रोत विनियोजनमा प्रत्यक्ष भूमिका खेल्ने समिति तथा संरचनाहरुलाई पनि लैससासको विषयमा अभिमुखीकरण जरुरी छ । लैससासको विषयलाई पालिका योजना, नीति, रणनीतिमा मूलप्रवाहीकरण गरी वजेट विनियोजन मार्फत विशिष्ट खालका योजना, परियोजना निर्माणका लागि त्यस सम्वन्धि मामिला अध्ययनको जरुरी छ। मामिला अध्ययनले पालिकालाई ती वर्गहरुको रणनैतिक आवश्यकता पहिचानमा सहयोग पुऱ्याउन सहयोग गर्छ । पालिकाका नीति निर्माण तहमा वसेका व्यक्तित्वहरुलाई अन्तराष्ट्रिय सन्धी सम्झौताको वारेमा जानकारी हुन आवश्यक छ । अन्तराष्ट्रिय सन्धी सम्झौताको ज्ञानको आधारमा मात्र स्थानीय नीति निर्माण तथा त्यसको स्थानीयकरण गर्न सकिन्छ । पालिकामा रहेको न्यायिक समितिले महिलाका मुद्दाहरुलाई केही हदसम्म सम्वोधन गरेको भएता पनि दुरदराजमा वसेका महिलाहरुको शारीरिक, मानसिक तथा संवेगात्मक हिंसाहरुलाई समेट्न नसकेकोले अहिले पनि आम महिलाहरु हिंसा सहनु आफ्नो भाग्यमा लेखेको भन्ने स्वीकारेर वस्न वाध्य छन । त्यसैले यो कुरालाई सम्वोधन गर्न

वडातहमा मेलमिलाप केन्द्र स्थापना गरी यसलाई सुदृढ गराउन सके महिला हिंसाहरुको प्रतिवेदन गर्ने दर वढाउनुको साथै मेलमिलाप मार्फत महिला हिंसामा न्युनीकरण ल्याउन सकिन्छ । महिला हिंसा एउटा शुन्य सहनशिलताको विषय हो भन्ने विषयमा महिला, पुरुष तथा आम समुदायमा एउटा शशक्त जागरणको आवश्यकता भएकोले हिंसावाट पीडित वा पीडित हुन सक्ने महिला, वालवालिका, पुरुष सवैलाई राखेर वडागत रुपमा आम जागरणको कार्यक्रमको थालनी गर्न पालिकाले शुरुवात गर्न जरुरी छ ।

**फोटो**




"लैङ्गिक समानताका लागि समान सोँच र व्यवहार : समृद्धिको आधार"
लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण
परीक्षण कार्यक्रम
आयोजक
प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
प्रदेश सुशासन केन्द्र
सुदूरपश्चिम प्रदेश
राष्ट्रिय गान
सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली ।
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुका रगतले स्वतन्त्र र अटल
ज्ञानभूमि शान्तिभूमी तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल
बहुल जाती भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।


लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण
परीक्षण कार्यक्रम
आयोजक
प्रदेश सुशासन केन्द्र
राष्ट्रिय गान


नीति, योजना तथा कानुन


लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
परीक्षण कार्यक्रम